प्रस्तावहरु

१. घर जग्गा नक्सा पास सम्बन्धमा ।
२. योजना सम्झौता सम्बन्धमा ।
३. सडक बोर्ड नेपाल सम्बन्धमा ।
४. योजनामा लागत सहभागिता सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा यस नगर क्षेत्र भित्र निर्माण गरिने नीजि घर टहराहरुको नक्सा पास आगामी २०७४ माघ १ गते बाट अनिर्वाय रुपमा पास गराई निर्माण गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा मिति २०७४ कार्त्तिक मसान्त सम्ममा सम्पूर्ण योजना सम्झौता गरिसक्ने निर्णय गरिएकोमा कार्त्तिक मसान्त सम्म योजना सम्झौता हुन नसकी बाँकी रहेका योजनाहरु २०७४ मंसिर मसान्त भित्र गरि सक्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा सडक बोर्ड नेपाल बाट यस नगरपालिका कार्यालयमा स्थानीय सडक मर्मत संभार कार्यका लागि रु २५०००००।- ( अक्षेरुपी पच्चीस लाख रुपैयाँ मात्र) बजेट स्वीकृत भई आएकोमा सो रकममा ३० प्रतिशत नगरपालिका बाट म्याचीङ्ग फण्ड समेत समावेश गरि कार्य गर्ने गरि तपशिल बमोजिमका सडक आयोजना छनोट गरिएको निर्णय गरियो ।

१) भोर्लेटार - बेशी बाँग्रे - हाँडीखोला सडक

२) सोतीपसल - टक्सार - जिताकोट - विमिरेभन्ज्याङ्ग सडक

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा प्रत्येक योजनामा नगद या वस्तुगत न्यूनतम २० प्रतिशत लागत सहभागिता गरिनु पर्ने निर्णय गरिएकोमा योजनाको प्रकृति अनुसार तपशिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

१. खानेपानी योजनामा १० प्रतिशत

२. भवन निर्माणमा १० प्रतिशत

३. सिंचाई योजनामा १५ प्रतिशत

४. मोटर बाटो निर्माणमा २० प्रतिशत

५. गोरेटो बाटो निर्माणमा २५ प्रतिशत  ६. अन्यमा १० प्रतिशत